७५ औं कार्यपालिका बैठक (२०७९।०९।१७)

विषय सूची:

१. संघीय समपुरक तथा विशेष योजना छनोट सम्बन्धमा
२. पुरानो भुक्तानी सम्बन्धी समितिको प्रतिवेदन सम्बन्धमा
३. बेपत्ता परिवारलाई आर्थिक सहयोग सम्बन्धमा
४. औघोगीक ग्राम जग्गा सम्बन्धमा
५. नगर सभा सम्बन्धमा
६. हिन्दु स्वयंसेवक संघको भवन निर्माण शुल्क मिना सम्बन्धमा
७. विदुर नगरपालिकाका सामुदायिक विद्यालयको विद्यार्थीहरुको लागि दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा
८. फोहोरमैला व्यवस्थापनको बैकल्पीक ठाउँ खोजी गर्ने समितिको प्रतिवेदन सम्बन्धमा
९. पञ्चबर्षीय आवधिक योजना परिमार्जन
१०. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्घमा
११. विविध

निर्णयहरु :

प्रस्ताव नं. १ संघीय समपुरक तथा विशेष योजना छनोट सम्बन्धमा

निर्णय नं. १ प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगवाट आ.व.२०८०/८१ को लागि माग गरिएको संघीय समपुरक र संघीय विशेष अनुदानवाट निर्माण गर्नको लागि तपशिलमा उल्लेखित योजनाहरु छनौट गर्ने निर्णय गरिंयो । साथै तपसिलका योजनाहरू मध्ये समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७७, विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ अनुसार छनौट गरी पठाउन कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. जलविहार, वडा नं ९
२. नौबिसे-गौरिबेसी-पोखरीथोक हुँदै माझगाउँ भादुवार सडक, विदुर १२
३. जालपा धार्मिक एतिहासिक तथा पर्यटकिय क्षेत्र, वडा नं ५
४. नुवाकोट धार्मिक तथा एतिहासिक पर्यटकिय क्षेत्रको गुरूयोजना, वडा नं २
५. पैदल मार्ग, महामण्डल कुवापानी, केउरिनी, गेर्खुखोला, गेर्खुटार, नयागाउ वितलब, दुधेलामा कालिका स्याले बेत्रावती, वडा नं १,२, १०, ११
६. सिर्खाली नयाँपुल छत्रेखोला हुँदै तारकेश्वर जोड्ने मोटरबाटो, वडा नं ३
७. चण्डेश्वरी-भित्रीनिटार-छापथोक तथा भित्रीनिटार रिजालटोल सडक, विदुर ७
८. एतिहासिक बागभैरूम क्षेत्र संरक्षण, वडा नं ८
९. हर्कपुर कल्याणपुर हुँदै मेघाङ जाने बाटो, वडा नं १३
१०. उपल्लो गेर्खु छापटार माथिल्लो केराघारी सडक, वडा नं ११

Scanned with CamScanner

११. गल्छी मैलुङको हाइवे त्रिशुली होटल रिमाल डाडा सहायक मार्ग, वडा नं १
१२. अर्किड चोक देखि चुवाको बोट खोल्सी देखि कुवा हुँदै गंगटे निस्कने नयाँ बाटो निर्माण, वडा नं ४
१३. गौरीबेसी मुलथला बुहुनीबसी सिचाइ, वडा नं ६
१४. एतिहासिक नुवाकोट दरवार खानेपानी योजना, वडा नं २
१५. रत्ने आँपको बोट हुँदै सेग्रीगेसन हुँदै सामरी खोला जाने बाटो, वडा नं ९
१६. गदिया खोला खानेपानी वडा नं. १, ७, ८, ९
१७. बेत्रावती देखि केराघारि हुँदै महविर सम्म, विदुर १०

प्रस्ताव नं २ पुरानो भुक्तानी सम्बन्धी समितिको प्रतिवेदन सम्बन्धमा

निर्णय नं. २ मिति २०७९।०६।२७ गते वसेको कार्यपालिका वैठकवाट आ.व.२०७८/७९ मा सम्पन्न योजनाको भुक्तानी हुन बाँकी रहेको र आ.व.२०७९/८० को स्वामित्वमा सरी आएकोले कुन शिर्षकवाट रकम भुक्तानी दिन सकिन्छ भनी वडा नं. १ का अध्यक्ष श्री लेनिन्‌ रञ्जित को संयोजकत्वमा श्रोत सुनिश्चित गरी प्रतिवेदन पेश गर्न समिति गठन गरेको र उक्त समितिले यस कार्यालयमा प्रतिवेदन पेश गरी कार्यपालिकामा छलफल भइ प्रतिवेदन अनुसार आवश्यक कार्वाहीका लागि आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ बेपत्ता परिवारलाई आर्थिक सहयोग सम्बन्धमा

निर्णय नं. ३ द्वन्दको समयमा वेपत्ता पारिएका व्यक्तिको छानविन गर्न नेपाल सरकारले वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन गरेको र उक्त आयोगले विदुर नगरपालिकाका वेपत्ता पारिएका व्यक्तिको विवरण पठाएको र साथै आयोगले स्थानीय तहवाट विभिन्न किसिमका सहयोग दिन सिफारिस गरी पठाएकोले हाललाइ सम्पर्कमा आएका विदुर नगरपालिका वडा नं ४ निवासी रामजी रेग्मीको परिवारलाइ जिवन निर्वाहको लागि रू ५०,०००। (अक्षेरूपी रू पचास हजार मात्र) प्रदान गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ औघोगीक ग्राम जग्गा सम्बन्धमा

निर्णय नं. ४ घरेलू तथा साना उद्योग कार्यालय नूवाकोटको च.नं. ५१४ मिति २०७९।०९।१२ को पत्रानूसार यस नगरपालिका भित्र निर्माण हुने औद्योगिक ग्रामको लागि विदूर नगरपालिका वडा नं. ५ बुहुनीवेशीमा जग्गा उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं ५ नगरसभा सम्बन्धमा

निर्णय नं. ५ यस नगरपालिकाको दोश्रो नगरसभाको दोश्रो अधिवेशन मिति २०७९ पौष २९ गते गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६ हिन्दु स्वयंसेवक संघको भवन निर्माण शुल्क मिना सम्बन्धमा

Scanned with CamScanner

२०७९।०४।०३ दोस्रो पटक पुनः सूचना प्रकाशन प्रकाशित हुँदा समेत निर्धारित मिति सम्ममा कुनै पनि बोपलत्रदाताबाट बोलपत्र पर्न नआएकोले साबिकको न्यूनतम अंकमा २० प्रतिशतले कम गरि न्यूनतम अंक कायम गरि पुनः तेस्रो पटक विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ पारित गर्ने सम्बन्धमा :

प्रस्ताव नं. ५ उपर छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : अपाङ्ग मानव अधिकार मञ्चको प्राविधिक सहयोगमा विदुर नगरपालिकाले तयार गरेको समावेशी शिक्षा योजना २०७९ पारित गर्ने सम्बन्धमा :

प्रस्ताव नं. ६ उपर छलफल गर्दा अपाङ्ग मानव अधिकार मञ्चको प्राविधिक सहयोगमा विदुर नगरपालिकाले तयार गरेको समावेशी शिक्षा योजना २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : जग्गाको वर्गीकरण सम्बन्धमा :

प्रस्ताव नं. ७ उपर छलफल गर्दा नेपाल सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरि कार्यान्वयनमा ल्याएको र उक्त नियमावलीले भू-उपयोग क्षेत्रलाई विभिन्न किसिमको वर्गीकरण गरे तापनि यस नगरपालिकाले वडा नं. १ देखि वडा नं. १३ सम्मका सबै किसिमका जग्गालाई कृषी र गैर कृषी गरि जम्मा दुई क्षेत्रमा मात्र वर्गीकरण गरि वडाबाट ७ दिन भित्र पेश गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ८ : विविध :

(क) यस नगरपालिका अन्तर्गत सबै वडामा राजश्व संकलनमा कमि आएको कारण विभिन्न योजना सम्झौतामा कठीनाई भएको कारण विकास निर्माण कार्यमा असहज भएकोले राजश्व संकलनमा कडाई गर्नको साथै कुनै पनि सिफारिस गर्दा कर तिरे नतिरेको जानकारी लिने र नतिरेको भए सेवाग्राहीलाई कर तिर्न अनुरोध गरि राजश्व संकलनमा कडाई गर्न वडा कार्यालयलाई कार्यालय मार्फत निर्देशन दिने निर्णय गरियो ।

(ख) आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम मिति २०७९ असाढ २५ गतेको दोस्रो नगरसभाको पहिलो अधिवेशनबाट पारित भईसकेको छ । बजेट पारित गरिएतापनि विदुर नगरपालिकाको आ.व. २०७८।७९ मा काम सम्पन्न भएका योजनाहरु, खरिद कार्यक्रमहरु, तलब भत्ता र अन्य खर्चहरुको दायित्व रहन गएको र सो दायित्व वापतको समेत यसै आ.व. मा भुक्तानी गर्नुपर्ने कुरा बजेट निर्माणका बखत छुट्न गएको साथै आ.व. २०७८।७९ मा बचत भएको रकमको आय अनुमान तर्फ बैंक मौज्दात वा नगद मौज्दात समेत रु.३,०९,००,०००।- (तीन करोड नौ लाख रुपैंया) समावेश नभएकोले विदुर नगरपालिकाको राजश्व परामर्श समितिबाट सिफारिस गराई साथै श्रोत अनुमान समितिबाट समेत योजनाहरुको लागि श्रोतको विनियोजन गराई परिमार्जित बजेटलाई सभाबाट पारित गर्नुपर्ने कानूनी मान्यता रहेतापनि हाललाई तुरुन्त

Scanned with CamScanner

सभा बस्न नसक्ने भएकोले विदुर नगरपालिका नगर कार्यपालिकाले निर्णय गरि हाललाई आन्तरिक श्रोतको आयतर्फ रु.९००००००० (नौ करोड रुपैंया) र व्याय तर्फ त्यती नै रकम वृद्धि गरी कार्यपालिकाबाट हाललाई पारित गरि यथासिघ्र सभा बसाली आउँदो सभाबाट उक्त परिमार्जित बजेट अनुमोदन गर्ने निर्णय गरियो । पुराना योजनाहरुको लागि एउटै शिर्षकमा रकम राखी रकम विनियोजन गर्ने तथा प्रशासकीय भवनलाई समेत रु. २,००,००,०००।- (दुई करोड रुपैंया) छुट्याने निर्णय गरियो ।

<u>(ग)</u> घरभाडा कर उठाउने सन्दर्भमा सेवाग्राहीले वडा वा नगरपालिकामा कर नतिरेको हकमा कर तिर्नको लागि ग्लोबल आइ.एम.ई बैंक, त्रिशुली शाखामा खाता खोल्ने र करदाता सेवा कार्यालय गल्छीलाई जानकारी दिने निर्णय गरियो ।

<u>(घ)</u> विदुर नगरपालिका वडा नं. ४ अन्तर्गत बट्टार पुरानो बजार स्थित सम्पदा शहर निर्माण तथा भवन संरक्षण उपभोक्ता समितिको २०८० असाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित